# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**ईन्द्रायणी चौर पालुङ, मकवानपुर**

**वागमती प्रदेश, नेपाल**

# नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/०७/०६)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र यस नगरपालिकाको आर्थिक ऐन, २०७९ को व्यवस्था बमोजिम यस नगरपालिकाकको राजस्व परामर्श समितिको मिति २०७९।०७।०४ को निर्णय बमोजिम तपशीलमा उल्लेखित नदी/खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी आ.व. ०७९/८० को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशील बमोजिमका शर्तहरुको अधिनमा रही **ईलेक्ट्रोनिक (e-Bidding)** वोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशील**

| प्याकेज नं | सूचना नं./ वोलपत्र नं. | कामको विवरण | उत्खनन् परिमाण (घन फिट) | उत्खनन् गरिने क्षेत्र | न्युनतम वोलपत्र रकम (सेवा शुल्क र मु.अ.क. बाहेक) रु. | धरौटी रकम (कवोल अंकको ५ प्रतिशत) रु | वोलपत्र दस्तुर रु. | वोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | वोलपत्र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | TM/DB/G/NCB/02/2079/80 | ढुङ्गा, गिट्टी र वालुवाको उत्खनन्, संकलन, विक्री तथा व्यबस्थापन | १५३६१७२ र स्टक-८०४४८३ गरी कुल-२३४०६५५<br>**प्रति घ.फि.रु.९** | थाहा नगरपालिका वडा नं. ७ र ८ | २१०६५८९५।००<br>दुई करोड दश लाख पैसठ्ठी हजार आठ सय पन्चानब्बे मात्र | वोलपत्रदाताले पेश गर्नु पर्ने | ५०००।०० | e-GP प्रणाली अनुसर | e-GP प्रणाली अनुसर |
| २ | TM/DB/G/NCB/03/2079/80 | ढुङ्गा, गिट्टी र वालुवाको उत्खनन्, संकलन, विक्री तथा व्यबस्थापन | १२९७००२ र स्टक-४६५८४२ गरी कुल-७६२८४४<br>**प्रति घ.फि.रु. ९** | थाहा नगरपालिका वडा नं. २, ३, ५ र ६ | १५८६५५९६।००<br>एक करोड अन्ठाउन्न लाख पैंसठ्ठी हजार पाँच सय छयानब्बे मात्र | वोलपत्रदाताले पेश गर्नु पर्ने | ३०००।०० | e-GP प्रणाली अनुसर | e-GP प्रणाली अनुसर |

**शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अख्तियार नामा (Power of Attorney), स्व-घोषणा र वोलपत्र फाराम दस्तुर यस कार्यालयमा नगदै तिरेको रसिद वा कृषि विकास बैंक पालुङ शाखा मकवानपुरको **ग.१.१. आन्तरिक राजस्व खाताको खाता नं. ०५०८४०११५५७३८१२१** नगद जम्मा गरेको नगद भौचर सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट वोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। वोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. वोलपत्र सम्बन्धी फाराम भर्दा कवोल रकम अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। न्युनतम वोलपत्रमा कवोल अंकको ५ प्रतिशतले हुन आउने रकम बरारबरको धरौटी रकम यस कार्यालयको **ग.३. धरौटी खाताको खाता नं. ०५०८४०११५५७३८०३०** जम्मा गरी सोको सक्कल भौचर वा कृषि विकास बैंक वा राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालको नाममा वोलपत्र नं. र नाम उल्लेख गरी **१२० दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत (विड बण्ड सेक्युरीटि) विद्युतीय खरिद प्रणाली (e-GP)** मा अपलोड गर्नु पर्नेछ।

३. वोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्र दाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, वोलपत्र विवरण, प्रोपाइटरको नाम, ठेगाना, मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई **विद्युतीय खरिद प्रणाली (e-GP)** मा दर्ता/अपलोड गर्नु पर्नेछ।

४. रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै वोलपत्र दाता वा निजको प्रतिनिधि वोलपत्र खाल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदा पछि कार्यालय खुल्ने दिनमा गरिनेछ।

५. वोलपत्र मुल्याङ्कन गर्दा कुनै कैफियत देखिएमा उक्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयको हुनेछ।

६. स्वीकृत वोलपत्रदाताले कार्यालयसँग सम्झौता गर्न आउँदा कार्यालयले निर्धारण गरेको पहिलो किस्ता वापतको रकम सम्बन्धित खातामा जम्मा गरी नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै पनि बैंकबाट जारी गरिएको **बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड)** सहित र मु.अ.क. समेतको रकम कार्यालयलाई बुझाउनु पर्नेछ। नियम अनुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर वोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७. यस नगरपालिकाका नदी/खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय सरकारबाट जारी गरिएका कानुन, प्रदेश कानुन र प्रचलित कानुन तथा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको **प्रारम्भिक वातावरणीय परीक्षण** (IEE-**Initial Environmental Examination**) **अध्ययन प्रतिवेदन (Study Report)** यस वोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**